खडक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

२ नं. प्रदेश, नेपाल

## बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।११।३०)

यस कार्यालयबाट तपसिल बमोजिसको कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजतपत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरूवाट निम्न सर्तहरूको अधिनमा रहि रित पुर्वकको बोलपत्र आह्वान गरिएको छ ।

१) बोलपत्रको सुचना प्रकाशित भएको मितिले ३० दिन(२०७४/१२/२९) भित्र रु ३,०००।-दस्तुर (फिर्ता नहुने गरि) बुझाई अध्यावधिक इजाजत पत्र तथा मु अ कर र स्थायी लेखा नम्वर दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी निवेदन दिई यस खडक नगरपालिका,नगर कार्यापालिकाको कार्यालय, कल्याणपुर, सप्तरीवाट कार्यालय समय भित्र बोलपत्र खरिद गर्न सकिने छ ।

२) बोलपत्र पेश गर्दा बोलपत्रको साथ व्यवसाय इजाजत प्रमाणपत्र (नविकरण भएको) प्रमाणित प्रतिलिपि, पान नं. सहितको भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७३।०७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, खरीद करवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्बाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा व व्यवसाय सर्म्बन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र समेत पेश गर्नु पर्ने छ ।

३) खरिद भएको बोलपत्र प्रष्टसँग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सहि छाप गरि सिलवन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना र काम प्रष्ट संग लेखी २०७४।१२।३० सम्म यस खडक नगरपालिकाको कार्यालय, सप्तरीमा दिनको १२:०० बजे सम्ममा दर्ता गराउनु पर्ने छ । म्याद सकिए पछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएको बोलपत्रहरु सोही मिति २०७४/१२/३० गते दिनको १.०० बजे उपस्थित बोलपत्रदाताहरु त्था प्रतिनिधिहरुको रोहवरमा यस नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरीमा खोलिने छ । बोलपत्रदाताहरु व प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) एक फर्म वा सस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा सस्थाको नामवाट दाखिला गर्न पाइने छैन ।

५) वोलपत्र ९० दिनसम्मको लागि मान्य हुनेछ । बोलपत्रसाथ विडवण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेख भए बमोजिम यस नं.पा.को रा.वा.बैंक राजविराज स्थित संचित कोष खाता २१८०३०४०१८१०५ मा नगद रकम जम्मा गरेको भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममाक वर्गको वाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड (वोलपत्र मान्य हुन अवधि भन्दा ३० दिन बढी मान्य अवधि भएको) पेश गर्नु पर्नेछ ।

६) वोलपत्र सर्त रहित कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाप हुनु पर्नेछ । रित नपुगेको र सुचनाको सर्त विपरित भएको वोलपत्र माथि कारवाही हुने छैन ।

७) बोलपत्रदताले BOQ को अंक र अक्षरमा दुवै महलमा अनिवार्य रुपमा दररेट (मु.अ.क.) बाहेक उल्लेख गर्नुपर्नेछ । अक्षर अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ । बोलपत्रदताले बीलकबोलको अन्तिम जोड जम्मा अंक उल्लेख गर्नु पर्नेछ ।

८). बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकेको समययमा नै हुनेछ ।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) बोलपत्र सर्म्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११) प्रर्चलित नियमानुसार रित पुगेको र यस सुचना एवं बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित सर्तहरु पुरा नभएको बोलपत्रमा कारवाही गरिने छैन ।

१२) संयुक्त उपक्रमको माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्वन्धी सम्झौता पत्र पेश गर्नु पर्नेछ । मुख्य साझेदारीको कम्तीमा ४० प्रतिशत र अन्य साझेदारको २५ प्रतिशत शेयर हुनुपर्नेछ र बढिमा तीन वटा फर्मले सयुक्त उपक्रममा भाग लिन सक्नेछ ।

१३) कामको गुणस्तर (Quality of work) निर्माण सर्म्बन्धि स्वीकृत स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ ।

१४) बोलपत्रको हकमा सुचना प्रकाशित भएको २० औ दिनको १:०० बजे निमार्ण कार्य गर्न ईच्छुक निमार्ण व्यवसायीहरु संग निमार्ण स्थल, प्राविधिक स्पेशिफिकेशनका सम्बन्धमा छलफल गर्नका लागि यस कार्यलयमा बैठकको आयोजना हुनेछ ।

### तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई रकमVAT बाहेक | धरौटी रकम | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | KhadakMun/Saptari/Work/ NCB/1/074/075 | कल्याणपुर-बनौली सडक मर्मत ( ०+०० देखि ५+००) | ३०,९४,२८८।९९ | ७७,५००।०० | ३०००।०० | |

प्रमुख प्रशासकिय अधिकृत

निरज कुमार देव

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner